# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५०) काठमाडौं, वैशाख २९ गते २०५७ साल (अतिरिक्ताङ्क ५ (घ + १)

## भाग ३

श्री ५ को सरकार

### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना

निकासी पैठारी नियन्त्रण ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले खण्ड ४९, अतिरिक्तांक ३८ (क + ३) मिति २०५६ पौष १३ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाको दफा १३ मा नयाँ उद्योगहरूको लागि छुट्याइएको ५ प्रतिशत कोटामध्ये काठमाडौं उपत्यका भित्र नयाँ सञ्चालन हुने उद्योगको लागि बढीमा ४० प्रतिशतले हुन आउने कोटा परिमाण मात्रै उपलब्ध गराउने उल्लेख भएकोमा हालसम्म काठमाडौं उपत्यका बाहिर नयाँ उद्योग स्थापना भै कोटा उपयोग भएको नदेखिएको र काठमाडौं उपत्यका भित्र स्थापना भएका नयाँ उद्योगका लागि छुट्याइएको ४० प्रतिशत कोटा समाप्त भैसकेकोले नयाँ उद्योगका लागि छुट्याइएको ५ प्रतिशत कोटाको २० प्रतिशतले हुन आउने कोटा परिमाण काठमाडौं उपत्यकाभित्रका नयाँ उद्योगहरूका लागि थप गरी कोटा वितरण नीति अनुसार सन् २००० को कोटा वितरण गर्ने निर्णय भएकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
मोहनदेव पन्त
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

45

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।